# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा.परिपत्र संख्याः-* ४०८ *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त “क” वर्गका (बैंक) संस्थाहरू ।**

विषय :- **निर्यातकर्ताहरूलाई विदेशी मुद्रामा ऋण उपलब्ध गराउने बारे ।**

महाशय,

निर्यातकर्ताहरूलाई प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्टशिपमेन्ट (Post-shipment) कर्जा स्वरुप विदेशी मुद्रामा ऋण उपलब्ध गराउने वारे निम्न व्यवस्थाहरू लागू गरिएको हुँदा सोही अनुसार गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. परिवर्त्य विदेशी मुद्रा आर्जन हुने गरी निर्यात कारोवार गर्ने निर्यातकर्ताहरूबाट अमेरिकी डलरमा प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्टशिपमेन्ट (Post-shipment) कर्जा माग गरेमा प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्तो कर्जा उपलब्ध गराउनु पर्नेछ । यस्तो कर्जामा बढीमा वार्षिक ६ (छ) प्रतिशतका दरले व्याज लिन सकिनेछ र सोको साँवा/व्याज परिवर्त्य विदेशी मुद्रामा नै असुल उपर गर्नु पर्नेछ ।

२. त्यस्तो कर्जा प्रदान गरेवापत सम्बन्धित बैंकहरूले माग गरेमा वार्षिक ४.० प्रतिशतको व्याजदरमा अमेरिकी डलरमा नै यस बैंकले पुनरकर्जा उपलब्ध गराउने छ ।

३. सम्वन्धित बैंकहरूले यसरी पुनरकर्जा माग गर्दा यसैसाथ संलग्न ढाँचा अनुसारको फर्म अनिवार्य रुपले भर्नुपर्नेछ ।

४. यस्तो पुनरकर्जा अमेरिकी डलर १,००,००० (एकलाख) को मल्टिपलमा मात्र उपलब्ध गराइनेछ ।

५. यस्तो पुनरकर्जाको साँवा व्याज अमेरिकी डलरमा नै तोकिएको अवधिभित्रै भुक्तानी गर्नुपर्नेछ ।

६. परिवर्त्य विदेशी मुद्रामा प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा लिएको ग्राहकले कुनै कारणवश सामान निर्यात गर्न नसकेको कारण उपरोक्त कर्जा विदेशी मुद्रामा नै चुक्ता गर्न नसकेको खण्डमा नेपाली रुपैंयाँमा नै आवश्यक हिसाव मिलान गर्न सकिनेछ । तर त्यसरी हिसाव मिलान गर्दा हिसाव मिलान हुने दिनको विनिमय दर लागू गर्नुपर्नेछ र व्याजदरको हकमा नेपाली रुपैंयाँको कर्जामा लिने अधिकतम व्याज दर कर्जा लिएको मिति देखिनै लिन सकिनेछ ।

७. यस्तैगरी पोष्टशिपमेन्ट (Post-shipment) कर्जाको हकमा पनि Opening bank ले डिस्क्रीपेन्सी (Discrepancy) देखाई निर्यात भुक्तानी पूर्णरुपमा प्राप्त हुन नसकेको खण्डमा

भुक्तानी ल्याउन नसकेको रकमको हकमा माथि दफा-६ मा उल्लेख गरिए अनुसार गर्नुपर्नेछ । साथै यस्तो विदेशी मुद्रा प्राप्त नभएसम्म वा नेपाल राष्ट्र बैंकले यस वारे स्वीकृति नदिएसम्म यसरी हिसाव मिलान गरिएका केशहरूको अभिलेख अनिवार्यरुपले कलेक्शनमा पठाइएका डकुमेन्ट सम्वन्धी उपयुक्त लेखा शीर्षकअन्तर्गत राख्नुपर्नेछ ।

८. कारणवश निर्यात हुन नसकी निर्यात कर्जा लिने निर्यातकर्ताले उक्त कर्जा परिवर्त्य विदेशी मुद्रामा भुक्तानी गर्न नसक्ने स्थिति आइपरेमा त्यस्ता निर्यातकर्ताको विदेशी मुद्रा खाता रहेको भए त्यस्तो विदेशी मुद्रा खातामा रहेको मौज्दातबाट हिसाव मिलान गर्न सकिनेछ । तर यसको लागि निर्यात नभएको व्यहोरा सम्बन्धित बैंकले यकिन गर्नुपर्नेछ ।

९. अमेरिकी डलरमा पोष्टशिपमेन्ट (Post-shipment) कर्जा दिंदा निर्यात डकुमेन्ट निगोसियट (Documents Negotiate) गर्दाकै अवस्थामा निर्यातकर्ताको डलर खातामा जम्मा गर्न मिल्नेछ । कथंकदाचित् निगोसियट (Negotiate) गरिएका उपरोक्त Documents को पूर्ण भुक्तानी प्राप्त नभएको अवस्थामा प्रचलित व्यवस्था अनुसार यस बैंकलाई अनिवार्य रुपल जानकारी दिनुपर्नेछ ।

१०. प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा दिंदा निर्यातकर्ताको नाउँमा प्रतीतपत्र प्राप्त भइ सकेको हुनुपर्नेछ ।

११. प्रि-शिपमेन्ट (Pre-shipment) कर्जा सुविधा अन्तर्गत लिएको ऋण निर्यात डकुमेन्ट निगोसियट (Documents Negotiate) गरेकै अवस्थामा चुक्ता गर्न लगाउने वा सोको भुक्तानी प्राप्त भएपछि मात्र चुक्ता गर्न लगाउने भन्ने वारे सम्बन्धित बैंकहरू आफैले व्यवस्था गर्न सक्नेछन् ।

१२. प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्टशिपमेन्ट (Post-shipment) कर्जा सुविधा अन्तरगत प्रचलित व्यवस्था अनुसार सम्बन्धित बैंकले यस बैंकबाट लिएको पुनरकर्जा अनिवार्य रुपले विदेशी मुद्रामा नै (साँवा तथा व्याज दुवै) चुक्ता गर्नुपर्नेछ ।

१३. प्रि-शिपमेन्ट (Pre-shipment) तथा पोष्टशिपमेन्ट (Post-shipment) कर्जा स्वरुप विदेशी मुद्रामा नै ऋण उपलव्ध हुने व्यवस्था Deemed Export को हकमा पनि लागू हुनेछ ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक

(इ.प्रा..परिपत्र संख्या- ४०८ प्रयोजनको लागि)

श्री नेपाल राष्ट्र बैंक
विदेशी विनिमय व्यवस्थापन विभाग
वालुवाटार, काठमाडौं ।

विषय :- विदेशी मुद्रा पुनरकर्जा बारे ।

महोदय,

त्यस विभागको परिपत्र संख्या- इ.प्रा.परिपत्र संख्या ४०८ अनुसार यस संस्थाले प्रदान गरेको निम्न लिखित निर्यात कर्जा अन्तर्गत अमेरिकी डलर ...................... (अक्षरेपी अमेरिकी डलर ........................ .................................................................. मात्र) को पुनरकर्जा पाउन यो निवेदन पेश गरेको छु । उपरोक्त विवरणहरू अन्तर्गत दोहोरो हुने गरी यो पुनरकर्जा सुविधा माग नगरेको व्यहोरा पनि अनुरोध गरेको छु ।

| सि. नं. | निर्यातकर्ता | निर्यात भएको/हुने वस्तु | परिमाण | मूल्य | प्रतीतपत्र पठाउने बैंकको नाम | प्रतीतपत्र नं. | कर्जा प्रदान भएको | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | मिति | रकम |
| | | | | | | | | |

भवदीय,

Authorized Signature
छाप

Authorized Signature